**03 January 2025**

आकाशवाणी

मुख्य समाचार

**OP**

- प्रधानमन्त्री श्री नरेन्द्र मोदीले आज दिल्लीमा विभिन्न विकास परियोजनाहरूको गर्नुभयो उद्घाटनसाथै शिलान्यास
- ओडिसा र मणिपुरका नवनियुक्त राज्यपालहरूले गर्नुभयो शपथ ग्रहण
- भारतीय नौसेनामा नीलगिरी, सुरत र वागशीर युद्धपोत सामेल हुने
- केन्द्रिय मन्त्री श्री वैष्णवले असममा विभिन्न परियोजनाहरूको गर्नुभयो उद्घाटन
- बोर्डर-गावस्कर ट्रफीको अन्तिम टेस्ट म्याच सिडनीमा शुरु, पहिलो पारीमा भारतले बनायो 185 रन, अनि
- इन्डियन सुपर लिग फुटबलमा अहिले नर्थइस्ट युनाइटेड र मोहम्मडन स्पोर्टिङ क्लबमाझ भिडन्त हुँदै

प्रधानमन्त्री-दिल्ली परियोजनाहरू

प्रधानमन्त्री श्री नरेन्द्र मोदीले आज दिल्लीमा विभिन्न विकास परियोजनाहरूको उद्घाटन र शिलान्यास गर्नुभयो। उहाँले राष्ट्रिय राजधानीको अशोक विहारमा मलिन बस्तीमा बस्नेहरूका लागि नवनिर्मित लगभग एक हजार सात सय फ्ल्याटहरूको उद्घाटन गर्नुभयो अनि योग्य लाभार्थीहरूलाई चाबी हस्तान्तरण गर्नुभयो।

प्रधानमन्त्री श्री मोदीले दुई शहरी पुनर्विकास परियोजनाहरू - नौरोजी नगरमा वर्ल्ड ट्रेड सेन्टर र सरोजिनी नगरमा **GPRA** टाइप-टु क्वार्टरहरूको पनि उद्घाटन गर्नुभयो। **GPRA** क्वार्टरमा २८ वटा टावरहरू छन्, जसमा दुई हजार पाँच सयभन्दा बढी आवासीय एकाइहरू छन्। वर्ल्ड ट्रेड सेन्टरले **600** भन्दा बढी जीर्ण भवनहरूलाई अत्याधुनिक व्यावसायिक टावरहरूमा प्रतिस्थापन गरेको छ।

प्रधानमन्त्रीले द्वारकामा लगभग ३०० करोडको लागतमा निर्माण भएको केन्द्रीय माध्यमिक शिक्षा बोर्डको एकीकृत कार्यालय परिसरको पनि उद्घाटन गर्नुभयो।

प्रधानमन्त्रीले दिल्ली विश्वविद्यालयमा **600** करोड भन्दा धेरैको तीन नयाँ परियोजनाहरूको शिलान्यास गर्नुभयो।

पछि, आफ्नो सम्बोधनमा प्रधानमन्त्रीले नयाँ वर्ष २०२५ को शुभकामना व्यक्त गर्दै यो वर्ष भारतका लागि वैश्विक मञ्चमा नयाँ उपलब्धिहरूको वर्ष हुने बताउनुभयो। श्री मोदीले भन्नुभयो, देश विश्वको तेस्रो ठूलो अर्थव्यवस्था बन्न गइरहेको छ। केन्द्र सरकारले मलिन बस्तीको साटो स्थायी घर बनाउने अभियान सुरु गरेको उहाँले बताउनु भयो।

राष्ट्रपति- निम्हान्स

आज राष्ट्रपति श्रीमती द्रौपदी मुर्मु नेसनल इन्स्टिट्च्युट अफ मेन्टल हेल्थ एन्ड न्यूरो साइन्सेज-निम्हान्सको स्वर्ण जयन्ती समारोहमा मुख्य अतिथिको रूपमा सहभागी बन्नुभयो। यस अवसरमा उहाँले नयाँ मनोचिकित्सक ब्लक, केन्द्रीय प्रयोगशाला परिसर र छात्रावास भवनको उद्घाटन गर्नुभयो। राष्ट्रपतिले महिलाले हरेक क्षेत्रमा प्रगति गर्दै सामाजिक उत्थानमा महत्वपूर्ण भूमिका निर्वाह गरिरहेको बताउनु भयो।

राष्ट्रपति श्रीमती द्रौपदी मुर्मुले मानसिक स्वास्थ्य र स्नायु विज्ञानको क्षेत्रमा गरेको प्रशंसनीय कार्यका लागि निम्हान्सलाई बधाई दिनुभएको छ। केन्द्रीय स्वास्थ्य मन्त्री श्री जेपी नड्डाले स्ट्रोकको उपचार, आत्महत्या रोक्न र लागूपदार्थ दुरुपयोगबाट पीडित मानिसहरूलाई सहोग गर्नमा निम्हान्सको योगदानको प्रशंसा गर्नुभयो।

ओडिशा -मणिपुर राज्यपाल शपथ

ओडिशाका नवनियुक्त राज्य डा. हरिबाबु कम्भमपतिले आज भुवनेश्वर राजभवनमा ओडिसाका २७ औं राज्यापालको रूपमा शपथ ग्रहण गर्नुभयो। ओडिशा उच्च न्यायालयका मुख्य न्यायाधीश न्यायामूर्ति चरधारी शरण सिंहले उहाँलाई पद तथा गोपनीयताको शपथ ग्रहण गराउनु भयो।

यसरी नै पूर्व केन्द्रीय गृह सचिव श्री अजय कुमार भल्लाले आज इम्फाल राजभवनमा आयोजित एक समारोहमा मणिपुरका राज्यपालको रूपमा शपथ ग्रहण गर्नुभयो। उहाँलाई मणिपुर उच्च न्यायालयका मुख्य न्यायाधीश न्यायमूर्ति डी कृष्णकुमारले शपथ ग्रहण गराउनु भएको थियो।

युद्धपोत परियोजना - नौसेना

भारतीय नौसेनाले 15 जनवरीका दिन मुम्बईको नौसेना डकयार्डमा आफ्नो फ्लीटमा तीन युद्धपोतहरू - नीलगिरी, सुरत र वागशीर समावेश गर्ने तय भएको छ।

यी युद्धपोतहरूले भारतीय नौसेनाको युद्ध क्षमतामा उल्लेखनीय वृद्धि गर्नेछन्। यी युद्धपोत स्वदेशी जहाज निर्माणको क्षेत्रमा देशको प्रतिष्ठित स्थितिको प्रतिबिम्ब हुन्। सबै युद्धपोतहरूको डिजाइन र पूर्ण रूपमा निर्माण मुम्बईको माझागाउँ डक सिप बिल्डर्स लिमिटेडले गरेको हो।

**GM**

असम - अश्विनी वैष्णव

असममा, केन्द्रीय सूचना एवम् प्रसारण, रेलवे तथा इलेक्ट्रोनिक्स अनि सूचना प्रविधि मन्त्री श्री अश्विनी वैष्णवले राज्यपाल श्री लक्ष्मणप्रसाद आचार्य अनि मुख्यमन्त्री श्री हेमन्त विश्व शर्माको साथमा, गुवाहाटी - न्यू लखिमपुर जन शताब्दी एक्सप्रेस, न्यू बोंगाईगाउँ - गुवाहाटी पेसेन्जर ट्रेन र तिनसुकिया-नाहरलागुन एक्सप्रेसलाई आज झण्डी देखाई शुभारम्भ गर्नुभयो। उहाँले गुवाहाटीमा एउटा पुलको पनि उद्घाटन गर्नुभयो । श्री वैष्णवले गुवाहाटीबाट दस किलोवाटको आकाशवाणी कोक्राझार एफएम स्टेशनको भर्चुअल उद्घाटन गर्नुभयो। उहाँले गुवाहाटीमा नेशनल इन्स्टिच्युट अफ इलेक्ट्रोनिक्स एण्ड इन्फर्मेशन टेक्नोलोजीको पनि उद्घाटन गर्नुभयो।

यस अवसरमा आकाशवाणीका महानिर्देशक डा. प्रज्ञा पालिवाल गौडलगायत अन्य विशिष्ट व्यक्तिहरूको उपस्थिति थियो।

आफ्नो सम्बोधनमा श्री वैष्णवले भन्नुभएको छ, प्रधानमन्त्री श्री नरेन्द्र मोदीले पूर्वोत्तर क्षेत्रको विकासको लागि लुक ईस्ट नीतिलाई एक्ट ईस्ट नीतिमा परिणत गर्नुभएको छ। अहिले यस क्षेत्रमा लगानी भइरहेको छ । केन्द्रले यस क्षेत्रको बजेट विनियोजन पाँच गुणा बढाएको छ । प्रधानमन्त्री पूर्वोत्तर क्षेत्रलाई राष्ट्रको विकासको इन्जिन मान्नु हुन्छ ।

गुवाहाटीबाट आकाशवाणी कोकराझार एफएम स्टेशनको उद्घाटन गर्दै, श्री वैष्णवले भन्नुभयो, केन्द्रले बोडोल्याण्डका जनताको लामो समयको सपना पूरा गरेको छ।

श्री वैष्णवले मोरिगाउँ जिल्लाको जगिरोडमा टाटा सेमीकन्डक्टर इकाईको पनि भ्रमण गर्नुभयो। नयाँ दिल्ली फर्किनु अघि वरिष्ठ अधिकारीहरूसँग पूर्वोत्तर सीमान्त रेल परियोजनाहरूको समीक्षा पनि गर्नु भयो।

गृहमन्त्री–आइडीए बैठक

केन्द्रीय गृहमन्त्री श्री अमित शाहले आज नयाँ दिल्लीमा द्वीप विकास एजेन्सीको सातौं बैठकको अध्यक्षता गर्नुभयो। बैठकमा अण्डमान निकोबार द्विपसमुहका उपराज्यपाल श्री देवेन्द्र कुमार जोशी, लक्षद्वीपका प्रशासक श्री प्रफुल्ल पटेल, केन्द्रीय गृह सचिव श्री गोविन्द मोहन र अन्य वरिष्ठ अधिकारीहरू उपस्थित हुनुहुन्थ्यो। 2017 मा स्थापित द्वीप विकास एजेन्सीले देशमा द्वीपहरूको समग्र विकासमा केन्द्रित भएर काम गर्दछ।

बंगलादेश-माछा मार्नेहरू

बंग्लादेशमा थुनिएका ९५ जना भारतीय र भारतमा थुनामा रहेका ९० जना बंग्लादेशी माछा मार्ने माझीहरूको पारस्परिक स्वदेश फिर्ता गर्ने प्रक्रिया हिजोबाट सुरु भएको बंगलादेशको विदेश मन्त्रालयले जनाएको छ। आइतबारसम्ममा यो काम पूरा हुने मन्त्रालयले जनाएको छ । बंगलादेशी तट रक्षकले ९५ जना भारतीय माछा मार्ने माझीलाई भारतीय तट रक्षकलाई हस्तान्तरण गर्ने र सोही अनुरुप भारतले ९० बंग्लादेशी माछा मार्ने माझी हस्तान्तरण गर्ने प्रक्रिया सुरु गरिएको मन्त्रालयले उल्लेख गरेको छ।

भारत-बोलिभिया

भारतले जंगलमा लागेको डढेलोसँग संघर्ष गरिरहेको बोलिभियामा मानवीय सहायता पठाएको छ। विदेश मन्त्रालयका प्रवक्ता श्री रणधीर जयसवालले आगलागी नियन्त्रण उपकरण, प्राथमिक उपचार किट, औषधि र अन्य उपयोगी सामग्री बोलिभिया पठाइएको जानकारी दिनुभएको छ।  कूल १६ टन अग्नि नियन्त्रक उपकरण र सम्बन्धित राहत सामग्री पठाइएको छ।

क्रिकेट

अस्ट्रेलिया अनि भारत बीच बोर्डर-गावस्कर ट्रफीको पाँचौं तथा अन्तिम क्रिकेट टेस्ट म्याच, आजदेखि सिडनीमा शुरु भएको छ। आज पहिलो दिन भारतले टस जितेर पहिला ब्याटिङ गर्दै पहिलो पारीमा 185 रन बनायो। पहिलो दिनको खेल समाप्त हुँदा अस्ट्रेलिया पहिलो पारीमा एक विकेट खर्च गरेर 9 रन बनाएर खेलिरहेको थियो।

हकी इन्डिया लीग

हकी इन्डिया लीगमा अहिले केही पछि तमिलनाडु ड्रेगन्सको भिडन्त वेदान्ता कलिङ्ग लेन्सर्ससित हुनेछ। म्याच अहिले 8 बजेर 15 मिनेटमा शुरु हुनेछ।

इन्डियन सुपर लिग

इन्डियन सुपर लिग फुटबलमा अहिले गुवाहाटीको इन्दिरा गान्धी स्टेडियममा नर्थइस्ट युनाइटेड र मोहम्मडन स्पोर्टिङ क्लबमाझ भिडन्त शुरु भएको छ। प्रतियोगितामा हिजो भएको खेलमा एटीके मोहन बागानले हैदराबादलाई 3 गोलले पराजित गरेको थियो।

मुख्य समाचार फेरि एकपल्ट

**OP**

- प्रधानमन्त्री श्री नरेन्द्र मोदीले आज दिल्लीमा विभिन्न विकास परियोजनाहरूको गर्नुभयो उद्घाटनसाथै शिलान्यास
- ओडिसा र मणिपुरका नवनियुक्त राज्यपालहरूले गर्नुभयो शपथ ग्रहण
- भारतीय नौसेनामा नीलगिरी, सुरत र वागशीर युद्धपोत सामेल हुने
- केन्द्रिय मन्त्री श्री वैष्णवले असममा विभिन्न परियोजनाहरूको गर्नुभयो उद्घाटन
- बोर्डर-गावस्कर ट्रफीको अन्तिम टेस्ट म्याच सिडनीमा शुरु, पहिलो पारीमा भारतले बनायो 185 रन, अनि
- इन्डियन सुपर लिग फुटबलमा अहिले नर्थइस्ट युनाइटेड र मोहम्मडन स्पोर्टिङ क्लबमाझ भिडन्त हुँदै
  आकाशवाणीबाट सुन्दै हुनुहुन्थ्यो समाचार पूरा भयो  **CST**